### बेनीघाट रोराङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### विशालटार, धादिङ

## स्थानीय सडक पूर्वाधार सेवा शुल्क उठाउने बोलपत्र आव्हानको सूचना ।

*(प्रथम पटक प्रकाशित मितिः २०८२।०३।०४)*

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (घ)(२) र बेनीघाट रोराङ गाउँपालिकाको निर्णय अनुसार आ.व. २०८२।०८३ को लागि गाउँपालिका क्षेत्र भित्र पर्ने तपशिलको सडकबाट स्थानीय सडक पूर्वाधार सेवा शुल्क संकलन गाउँपालिकाले तोकेको दररेट भित्र पर्ने गरी बोलपत्रको माध्यमबाट संकलन गर्नुपर्ने भएकोले यो बोलपत्र आव्हानको सूचना प्रकाशन गरिएको छ । ईजाजत प्राप्त इच्छुक फर्म, कम्पनीहरुले बोलपत्र फाराम दस्तुर वापत (फिर्ता नहुने गरी) रु. ३,०००।– (तीन हजार) कार्यालयको प्रभु बैंक लिमिटेड बेनीघाट, शाखामा रहेको आन्तरिक राजश्व खाता नं ०८३००९४६३६३०००८१ मा तिरेको सक्कल बैंक भौचर वा यस कार्यालयको राजश्व शाखामा नगदै दाखिला गरेको नगदी रसिद साथ कारोबार दर्ता, मूल्य अभिवृद्धि कर तथा आयकर दर्ताप्रमाणपत्र र आ.ब. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत राखी निवेदन मिति २०८२।०४।०१ गते कार्यालय समय भित्र पेश गरी बोलपत्र फाराम प्राप्त गर्न सक्नेछन् । बोलपत्र फारामहरु मिति २०८२।०४।०२ गते दिनको १२:०० बजेसम्म दर्ता गरिसक्नु पर्नेछ । रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु सोही दिन १२:३० बजे उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । कारणवश बोलपत्र बिक्री गर्ने, दर्ता गर्ने वा खोल्ने दिन बिदा परेमा बिदापछि कार्यालय खुलेको पहिलो दिनको सोही समयमा बोलपत्र बिक्री वा दर्ता वा बोलपत्र खोल्ने समेतको कार्य गरिने छ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ ।

<u>तपशिल</u>

| सि.नं. | बोलपत्र सूचना नं. | कार्य विवरण | बोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| १. | BRRM/REV/02/2080/081 | बेनीघाट रोराङ गाउँपालिका (मलेखु ताल्ती) सडकमा स्थानीय सडक पूर्वाधार सेवा शुल्क उठाउने | रु. ३,०००।- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत रकम |

**प्रमुख प्रशासकीय अधिकृत**